धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित

# हिम स्टार उर्जा कम्पनी लिमिटेड
# Him Star Urja Company Limited


रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. ०७ गौरीघाट, काठमाण्डौ, फोन: ०१-४५९३७३३
इमेल: urjahimstar@gmail.com वेवसाइट: www.urjahimstar.com.np


## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

हिम स्टार उर्जा कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.३७,३०,००,०००/- को ३०% अर्थात् ११,१९,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ११,१९,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि छुट्टयाइएको छ। जसमध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको ५% अर्थात रु.१,८६,५०,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १,८६,५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात ओखलढुङ्गा जिल्ला, खिजिदेम्बा गा.पा. वडा नं. ८, साविक भुसिङ्गा गा.वि.स. का सम्पूर्ण वडा र सोलुखुम्बु जिल्ला लिखुपिके गा.पा. वडा नं. २, साविक गोली गा.वि.स. वडा नं. १,२,३,४,५ स्थानीय बासिन्दाहरुको लागि तथा सर्वसाधारणको लागि छुट्टयाइएको जारी पूँजीको २५% अर्थात रु.९,३२,५०,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ९,३२,५०० कित्ता मध्ये ९३,२५० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुकको लागि (सर्वसाधारणको लागि छुट्टयाइएको शेयरको १०%) **आज मिति २०८२ जेठ ३० गते शुक्रबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि: | |
|---|---|
| **दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या** | : **१० कित्ता** |
| **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या** | : **१०,००० कित्ता** |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि: | |
|---|---|
| **दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या** | : **१० कित्ता** |
| **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या** | : **१०,००० कित्ता** |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौ, नेपाल, वेबसाइट : www.nicasiacapital.com |
| २. | हिम स्टार उर्जा कम्पनी लिमिटेड, गौरीघाट-७, काठमाण्डौ, वेबसाइटः www.urjahimstar.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेबसाइट, www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ। |

### आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| क्र.सं. | संकलन केन्द्रको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | सिटिजन्स बैंक इन्टरनेसनल लि. लिखुपिके-३, सोलुखुम्बु। | बय कुमार राई | ९८५२८८२६७६ |
| २. | ओखलढुङ्गा जिल्ला, खिजिदेम्बा गा.पा. वडा नं. ८ मा रहेको महिला भवन । | संजिव श्रेष्ठ | ९८१८०९३५६५ |
| ३. | ओखलढुङ्गा जिल्ला, खिजिदेम्बा गा.पा. वडा नं. ८ मा रहेको जनस्वाथ्य भवन। | केशव कुमार वस्नेत | ९८५१२७६९०८ |
| ४. | सोलुखुम्बु जिल्ला लिखुपिके गा.पा. वडा नं. २ को वडा कार्यालय। | सरोज कोइराला | ९८५१२०७९२९ |

**साथै, स्थानीय बासिन्दाहरुले निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nicasiacapital.com मा गई आवेदन दिन सक्नेछन् ।**

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ। साथै आवेदन फारम निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाईट www.nicasiacapital.com बाट डाउनलोड गरेर पनि भर्न सकिनेछ।

### वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| **निष्काशन खुल्ला हुने मिति** | : **२०८२/०२/३० गतेदेखि** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा)** | : **२०८२/०३/१३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म** |
| **निष्काशन बन्द हुने मिति (ढिलोमा)** | : **२०८२/०३/२९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म** |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| **निष्काशन खुल्ला हुने मिति** | : **२०८२/०२/३० गतेदेखि** |
| **निष्काशन बन्द हुने मिति** | : **२०८२/०३/१३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म** |

**संस्थापक तथा संचालकहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | (२०८१/८२ चैत्र मसान्त) | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| प्रति शेयर आम्दानी (रु.) | (०.२०) | (०.३५) | (०.२१) | - | १.९१ | ५.४८ | ७.६१ |
| प्रति शेयर (नेटवर्थ) (रु.) | ९८.८४ | ९९.३९ | ९९.१७ | ९९.१८ | १०१.३३ | १०६.८१ | ११४.४२ |
| संचित नाफा नोक्सान तथा जगेडा कोष (रु.हजारमा) | (६९९) | (१,६००) | (२,१५९) | (२,१५०) | ४,९५१ | २५,३९१ | ५३,७७५ |

| | |
|---|---|
| **विद्युत परियोजनाको नाम** | बुकु कापटी खोला जलविद्युत आयोजना । |
| **आयोजनाको कुल उत्पादन क्षमता** | ५ मे.वा. । |
| **प्रति मेगावाट लागत सम्बन्धी विवरण** | आयोजनाको कुल अनुमानित लागत **(Interest During Construction-IDC)** सहित प्रति मे.वा. रु. २४७,७०७,३८७/- |
| **विद्युत उत्पादन अनुमतिको बाँकी अबधि सम्बन्धी विवरण** | बुकु कापटी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमती पत्र बहाल रहने अवधि २०७४/०५/०८ देखि २१०९/०५/०७ गते सम्म रहेको ले २७.७ वर्ष बाँकी रहेको छ । |
| **लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण** | आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि **(Discounted Pay Back Period)** ११.७५ वर्ष रहेको छ भने साधारण लगानी फिर्ता हुने अवधि **(Simple Pay Back Period)** ७.१४ वर्ष रहेको छ । |
| **जलविद्युत आयोजनाको कुल लागत विवरणः** | बुकु कापटी खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत **(Interest During Construction (IDC)** सहित रु.१,२३८,५३६,९३५/- रहेको छ । |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरण-पत्र अनुसार निष्काशन गारिने साधारण शेयरको लागि "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB-" (Pronounced ICRA NP Issuer Rating Double B Minus) रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR] BB-" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding the timely servicing of financial obligations) रहेको भन्ने आधार जनाउँछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड [ICRANP-IR] AAA ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा कमजोर आधार रहेको जनाउँछ । दिईने आधारहरुमा प्रयोग गारिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) पृष्ठ नं. ४७ मा उल्लेख गारिएको छ ।

**इस्यूर रेटि ग्रेड प्रदान गरेको मितिः २०८१/१२/०१** **बहाल रहने अवधि २०८२/११/२९**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ जेठ २३ गतेको "कारोबार"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.urjahimstar.com.np नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nicasiacapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com


मिति २०८२/०२/३० गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने